# कुमाख गाउँपालिका

## खण्ड १) सल्यान, २०८१ साल (संख्या १)

## भाग –१

# कुमाख गाउँपालिका

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०३/२५ गते

प्रमाणिकरण मितिः२०८१।०३।२९ गते

## कुमाख गाउँपालिका प्राविधिक कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः**

मुलुक संघियताम गए संगै देहाएका संरचना संघ, प्रदेश र स्थानीय तह हुँदा विगतको तुलनाम बजेटको आकार बडे संगै विकासका ढोकाहरु खुलेका छन । स्थानीय तहमा निर्वाचित गाउँपालिका अध्यक्ष उपाध्यक्ष, बडा अध्यक्ष र सदस्य लगायत जनप्रतिनिधिको आगमन हुँदा नागरिकमा शासन प्रति आशा र बिकाश प्रति भरोसा बढेको छ। यसरी जनप्रतिनिधिको आगमन र जोश जांगर, बजेटको आकार बढेर जानुःसंविधान कार्यान्वयनको चरणमा रहनुले विकास सुशासन र कानुनी शासनम टेवा पुग्ने नागरिकको विश्वास चुलिएको पाईन्छ ।

सङ्घीय संरचना कार्यान्वयनको चरणम रहेता पनि कर्मचारी व्यवस्थापन सवल रहंदा स्थानीय तहमा खटिएका प्राविधिक कर्मचारीहरु रात दिन र सार्वजनिक विदा नभनी अहोरात्र खट्नु परेको छ। यसै सवालमा सल्यान जिल्ला कुमाख गाउँपालिका अन्तर्गत खटिएका पुर्वाधार शाखाका कर्मचारीहरुका पनि पीर मर्का र दुखेसो छन । यस्ता दुःख हरुका बाबजुद पनि यहांका पुर्वाधार शाखाका कर्मचारीहरुले सेवा प्रवाहलाई छिटो छरीतो चुस्त, पारदशी, प्रभावकारी र गुणस्तरीय बनाउन कम्मर कसेर लागि परेका छन ।

भौगोलिक विकटता र यातायातको असुविधा रहनु असहज बसाई, बजेटको आकार ठुलो भएपनि सानो रकमका धेरै योजना र कार्यक्रम हरुले कर्मचारीले दैनिक १२ घण्टा काममा खट्नुपर्ने बाध्यता छ।

स्थानीय सेवामा स्थायी तथा करार नियुक्ति भई खटिएका कर्मचारीहरुको जोस जाँगर र परिश्रमलाई कायम गरिराख्न राज्यले दिएको सुविधाका अतिरिक्त थप प्रोत्साहन सुविधा दिन सके पक्कै पनि कर्मचारीहरुले कुमाख गाउँपालिकाको उन्नती प्रगती दोहोरो अंकको आर्थिक विकास सुशासन र समावेशिताको क्षेत्रको व्यवहारमा देखिने गरि द्रुत गतिमा काम गर्नेछन भन्ने अठोट रहेको छ।
यसरी विभिन्न कठिनाईका बावजुद पनि अहोरात्र काममा खटिने प्राविधिक कर्मचारीहरुको जोस जाँगर लाई यथावत राख्न सके गाउँपालिकाको सामाजिक आर्थिक सांस्कृतिक र मानवीय विकासमा मदत पुग्ने कुरालाई मध्यनजर गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०८१ तयार गरी जारी गरेको छ ।

## परिच्छेद-१

**<u>प्रारम्भिक</u>**

**१ सक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम कुमाख गाउँपालिका प्राविधिक कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०८१ रहेको छ।

खः यो कार्यविधि वि.स २०८१ जेठ १ गते देखि लागु हुने छ ।

**२ परिभाषा**

विषय वा प्रसङगले अर्को अर्थ नलागेमा

क) प्राविधिक कर्मचारी भन्नाले गाउँपालिका र वडा कार्यालयमा कार्यरत गाउँपालिकाको पुर्वाधार शाखामा स्विकृत दरबन्दीमा स्थायी तथा करार कर्मचारीलाई बुझिनेछ।

ख) गाउंपालिका भन्नाले कुमाख गाउँपालिकालाई बुझाउनेछ ।

गः वडा भन्नाले गाउँपालिकाका ७ वटै वडा कार्यालयलाई बुझाउनेछ ।

घ) अध्यक्ष भन्नाले गाउँपालिका अध्यक्षलाई सो शब्दले कार्यवाहक अध्यक्ष समेतलाई बुझाउनेछ।

ङ) उपाध्यक्ष भन्नाले गाउँपालिका उपाध्यक्षलाई बुझाउनेछ ।

च) वडा अध्यक्ष भन्नाले गाउँपालिकाका ७ वटै वडाका वडा अध्यक्षलाई बुझाउनेछ ।

छ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले कुमाख गाउंपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई बुझाउनेछ ।

ज) भत्ता भन्नाले: प्राविधिक कर्मचारी प्रोत्साहन भत्ता भन्ने बसझिने छ।

# परिच्छेद-२

**३) कर्मचारी प्रोत्साहन भत्ता पाउनेः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६९ दिएको अधिकार प्रयोग गरी यस गाउँपालिकाले प्राविधिक कर्मचारीहरुको मनोवल उच्च बनाई राख्न कार्यप्रकृति , कार्यबोझ एवम दायित्वका आधारमा तपशिल बमोजिमका प्राविधिक कर्मचारीहरुलाई अनुमुची-१ बमोजिमको प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ।

क) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिकामा समायोजन भएका प्राविधिक कर्मचारीहरु,

ख) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय सेवाको विज्ञापनमा स्थायी नियूक्ति भएका प्राविधिक कर्मचारीहरु,

ग) पुर्वाधार शाखा तथा वडा कार्यालयमा कार्यरत करार नियुक्त प्राविधिक कर्मचारीहरु

**४. कर्मचारी प्रोत्साहन भत्ता नपाउने**

क) गाउँपालिकामा कार्यरत दैनिक ज्यालादारी कर्मचारी

ख) सेवाकालीन वा क्षमता विकास सम्बन्धी तालिममा लगातार १५ दिन भन्दा बढी सहभागी भएमा ।

**५. भुक्तानीको स्रोतः** कर्मचारीलाई गाउँसभाले तोकेको शीर्षकबाट भत्ता वितरण उपलवध गराईनेछ । आन्तरिक श्रोत बाट भत्ता अपुग भएमा मात्र नेपाल सरकारको वित्तीय समानीकरण अनुदानबाट उपलब्ध गराइनेछ ।

६ **सुरक्षा र बचाउः** यस गाउँपालिकाम कार्यरत प्राविधिक कर्मचारीहरुले यस अघि लिएको प्रोत्साहन भत्ता यसै कार्यबिधि बमोजिम लिएको मानिने छ ।

**अनुसुचि-१**

| क स | सेवा | समुह | तह | प्राविधिक कर्मचारीले पाउने रकम | कै |
|---|---|---|---|---|---|
| १ | ईन्जिनियरिङ्ग | सिभिल ईन्जिनियर | छैठौ | ७००० | |
| | ईन्जिनियरिङ्ग | सिभिल सब- ईन्जिनियर | पाँचौ | ६५०० | |
| २ | ईन्जिनियरिङ्ग | अस्सिटेण्ट सब ईन्जिनियर/खा. पा. स. टे. | चौथो | ५००० | |

**द्रष्टव्यः** पुर्वाधार शाखामा कार्यरत कर्मचारी कुमाख गाउँपालिका भन्दा बाहिर कार्यालयको कामकाजमा गएमा नियम अनुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराईनेछ ।

**आज्ञाले**

..............................

**छविलाल खड्का**

**नि प्रमुख प्रशासकीय अधिकृत**

मितिः २०८१/०३/२९ गते